का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ असोज २०८२
बिहीबार
9 October 2025
Thursday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपपर हेर्न

वर्ष २३, अंक २४३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



सरोकारवालाहरूका अनुसार प्रमाण कम भएको अवस्थामा अदालतले अभियोग पुष्टि गर्न सक्दैन । कमजोर अभियोजनले आरोपितलाई जोगाउने हुँदा जोगाउन खोजेको व्यक्ति अदालतबाट जोगिने र तत्काललाई अख्तियारले काम गरेको सन्देश प्रवाह गर्ने प्रयास अख्तियारको देखिन्छ ।

# जेनजीको आँखा छल्ने अख्तियारको प्रयास

## पूर्वमन्त्रीसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा, कमजोर अभियोजन

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ असोज

अख्तियार दुरुयोग अनुसन्धान आयोग सक्रिय भएको छ । जेनजी अगुवाहरूले प्रमुख आयुक्त प्रेमकुमार राईको राजीनामा मागिरहेका छन् । मंगलबार उनीहरूले अख्तियारको मुख्यालयमै गएर प्रमुख आयुक्तको राजीनामा माग्दै प्रदर्शनसमेत गरेका थिए । उनीहरूले राजीनामा माग गरेर अख्तियारमै निवेदन दिएका छन् । त्यसको भोलिपल्टै अख्तियारले निवर्तमान मन्त्रीसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

पोखराको लिचीबारी जग्गा प्रकरणमा घुस लेनदेन भएको विषयमा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तासहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको हो । आयोगले बुधबार विशेष अदालत काठमाडौंमा गुप्तासहित तत्कालीन सहकारी तथा गरिबी निवारणमन्त्री रन्जिता श्रेष्ठ, कास्की मालपोत अधिकृत प्रतिवादी रामचन्द्र अधिकारी, घर जग्गा व्यवसायीका परिचय बनाएका बिचौलिया सुजनकुमार तामाङविरुद्ध मुद्दा दायर गरेको छ । यामकुमारी गुरुङ र तुल्सीराम बुढा मगरविरुद्ध ७८ लाख घुस लेनदेनमा संलग्न रहेको भन्दै मुद्दा दायर भएको छ । पोखरा

पृष्ठ २ मा


## आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौ,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

*पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !*

नेपाल सरकार
विज्ञापन बोर्ड


# दोहोरो भूमिकामा गृहमन्त्री



गृहमन्त्री अर्याल एकातर्फ प्रहरी हत्या, हतियार लुटपाट र विध्वंशको छानबिन आयोगले गर्ने भन्दै पक्राउ परेका अभियुक्तलाई छुटाइरहेका छन् भने अर्कोतर्फ २३ भदौको राज्य दमनमा तत्कालीन प्रधानमन्त्री र गृहमन्त्री पक्राउ गरिछाइने अड्डी लिइरहेका छन् ।

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, २२ असोज

प्रतिनिधिसभा विघटन नहुँदो हो त १७ कात्तिकको उपचुनावमा रुपन्देही-३ बाट स्वतन्त्र उम्मेदवारीको तयारीमा थिए, अधिवक्ता ओमप्रकाश अर्याल । केहीअघिसम्म उनी काठमाडौं महानगरका मेयर बालेन शाहका कानुनी सल्लाहकार थिए । रुपन्देहीको उपचुनाव लड्नकै लागि राजीनामा दिएर उनी निर्वाचन क्षेत्र घुमफिर गरेर फर्किसकेका थिए । तर न उनले चुनाव लड्नुपर्‍यो, न जित्नुपर्‍यो ।

जेनजी आन्दोलन (२३-२४ भदौ)ले सत्ता उलटफेर गरेपछि नयाँ सरकारको कानुनी बाटो खोल्न शीतल निवास पुगेका उनलाई बालेनको सिफारिसमा 'अकल्पनीय' मन्त्री चिठ्ठा पर्‍यो । यसरी रातारात गृहमन्त्री बनेका अर्याल दोहोरो भूमिकाका कारण एक महिनामै विवादमा तानिएका छन् ।

सरकारले २३ भदौमा भएको राज्य दमन र २४ भदौमा भएको विध्वंशबारे छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको छ । सो आयोगले काम सुरु गरेकै दिन नौ असोजमा मन्त्री अर्यालको निर्देशनमा गृह मन्त्रालयले विज्ञप्ति जारी गरेर 'आयोगको कार्यक्षेत्र रहने विषयमा सरकारका नियमित संयन्त्रबाट तत्काल कारबाही अघि नबढाउनू' भन्यो । गृहको जोड विध्वंशमा संलग्नमाथि कारबाही रोक्नुमा थियो । जबकि नेपाल प्रहरीले लुटपाट, आगजनी र तोडफोडलगायत

पृष्ठ २ मा

# मधेशमा सरकार बनाउँदै कांग्रेस-एमाले



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २२ असोज

नेपाली कांग्रेस र नेकपा एमालेले मधेश प्रदेशमा सरकार बनाउने भएका छन् । यसका लागि उनीहरूले जनमत पार्टीको साथ लिएर मुख्यमन्त्रीमा दाबी प्रस्तुत गरेका छन् ।

तीन दलका भएको सहमतिअनुसार मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने भनिएको छ । यसअनुसार उनीहरूले नयाँ सरकार गठनका लागि ५८ जना सांसदको समर्थनसहित प्रदेश प्रमुखको कार्यालयमा दाबी पेस गरेका छन् ।

कांग्रेस र एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेका छन् । उनीहरूले मुख्यमन्त्री सतिशकुमार सिंहको राजीनामा मागेका छन् ।

यही असोज ८ गते नेपाली कांग्रेसले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । त्यससँगै मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेका जनमत पार्टीका नेता सतिशकुमार सिंह अल्पमतमा परेका छन् ।

जनमत पार्टीको साथ लिएर मधेश प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमाले र नेपाली कांग्रेसले दाबी प्रस्तुत गरेका हुन् । तीन दलको सांसद संख्या ५८ छ । सरकार बनाउन ५४ जना भए पुग्छ ।

सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएपछि त्यसको ३० दिनभित्र मुख्यमन्त्रीले प्रदेश सभामा विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ ।

अल्पमतमा परेपछि विश्वासको मत नलिएको र राजीनामा पनि नदिएको भनेर बुधबार एमालेले पनि सरकारलाई दिएको समर्थन फिर्ता लियो । त्यसपछि तीन दलले नयाँ सरकार गठनका लागि दाबी पेस गरेका हुन् ।

१ सय ७ सदस्यीय प्रदेश सभामा सरकार बनाउन ५४ जना सांसद आवश्यक पर्छ । कांग्रेस (२२) एमाले (२५) मिल्दा ४७ मत पुग्छ । एमालेका दुई जना हाल निलम्बनमा रहेका छन् । जनमत पार्टीका १३ जना सांसद् छन् । तीन दलको बहालवाला

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियनसँग डिभोर्स भए पनि विदेशी नागरिकले बस्न र काम गर्न पाउने

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, २२ असोज

मलेसियाले आफ्ना नागरिकसँग वैवाहिक सम्बन्धमा रहेर पछि कुनै कारणवश छुट्टिएका गैरनागरिक पति वा पत्नीलाई मलेसियामा बस्न र काम गर्न अनुमति दिने भएको छ । यो व्यवस्थाले सम्बन्धविच्छेद वा अलग्गिएका गैरनागरिकहरूलाई औपचारिक वा स्वरोजगार क्षेत्रमार्फत आफू र आफ्ना आश्रित सन्तानहरूलाई आर्थिक रूपमा सहयोग गर्न अवसर प्रदान गर्ने बताइएको छ ।

मलेसियाका गृहमन्त्री दातुक सैफुद्दिन नासुसन इस्माइलले पूर्ववैवाहिक सम्बन्ध भएकाले मलेसियामा आवासीय अनुमति 'रेसिडेन्ट पास'का लागि आवेदन दिन सक्ने र पास पाउनेहरूलाई मलेसियामा बस्न र काम गर्न अनुमति दिइने बताए । मलेसियाको पछिल्लो निर्णयले नेपाली कामदारका मुख्य प्रतिस्पर्धी बंगलादेशी कामदारहरूलाई रणनीतिक लाभ पुग्ने आँकलन गरिएको छ ।

उक्त पास सुरुमा पाँच वर्षका लागि मान्य हुने र पछि पुनः नवीकरण गर्न सकिने बताइएको छ । हाल विदेशी नागरिकले मलेसियाली नागरिकसँग विवाह गरेपछि सामाजिक भ्रमण पासका आधारमा कानुनी रूपमा मलेसियामा बस्न र काम गर्न अनुमति दिने गरिएको छ ।

# कतारमा नेपालीलाई दूतावासको १७ बुँदे निर्देशन

**दोहा, कतार/मस-** कतारस्थित नेपाली राजदूतावासले अनुशासन पालनाका लागि नेपालीलाई १७ बुँदे निर्देशन जारी गरेको छ ।

कतारको नियम, कानुन, सांस्कृतिक मूल्य-मान्यता पूर्णरुपमा पालना गर्न अनुरोध गर्दै नेपाली राजदूतावासले सार्वजनिक स्थलमा मादक पदार्थ सेवन तथा झैझगडा, लागूपदार्थ ओसारपसार, मादक पदार्थ उत्पादन तथा बिक्री, अश्लील भिडियोको कारोबार, चेक बाउन्स, सामाजिक सञ्जालमा मिथ्या आरोप, गाली गलौज र चरित्र हत्या, तेस्रो मुलुक खासगरी पूर्वी युरोप पठाइदिने भनी ठगी कार्य, अध्यागमन र ट्राफिक नियमको उल्लंघनलगायतका दण्डनीय कार्य नगर्न आग्रह गरेको हो ।

नेपालमा भदौ अन्तिम साता भएको जेनजी विद्रोह पछि नेपाली कामदारका मुख्य श्रम गन्तव्य मुलुकहरूले

पृष्ठ २ मा

# मलेसियामा १५ हजार विदेशी कामदार ल्याउने अनुमति दिन सरकारसँग अपिल

**क्वालालम्पुर/मस-** मलेसियाली मुस्लिम रेस्टुरेन्ट मालिक संघ (प्रेस्मा)ले उद्योगमा निरन्तर बढेको श्रम अभावलाई सम्बोधन गर्न १५ हजार विदेशी कामदार भर्नाका लागि तत्कालै अनुमति दिन सरकारलाई अपिल गरेको छ ।

प्रेस्माका अध्यक्ष जवाहर अली तैयब खानले व्यवसाय निरन्तरताको सुनिश्चित गर्न मुस्लिम रेस्टुरेन्ट उद्योगलाई कम्तीमा १५ हजार विदेशी कामदार चाहिएको बताए । मलेसियाका गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले अर्को सूचना नभएसम्म विदेशी कामदार कोटा आवेदनहरूमा रोक यथावत् रहने बताएका छन् ।


## कुवेतमा नेपाली लाइट ड्राइभरहरूको लागि रोजगारको अवसर

कम्पनी: ZETEC VITO COMPANY FOR CONSUMERORDER DELIVERY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०६/२२ — चलानी नं.: ६०२४५६५३ — LT. No.:331895

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nepali Light Driver | 60 | 0 | स. काममा दक्ष | 160 | ७४,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd. — Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: RIDER SERVICES W.L.L — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०६/२२ — चलानी नं.: ६०२४५७०३ — L.T. No.: 332025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Hospital-indoor) | 18 | 0 | स. काममा दक्ष | 120 | ४५,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: NAHLA BEAUTY CENTRE AND SPA — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०६/२२ — चलानी नं.: ६०२४५७०४ — L.T. No.: 332024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 6 | सम्बन्धित काममा दक्ष | 150 | ५६,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Masseurs | 0 | 3 | | 150 | ५६,३९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NextGen Global Placement Pvt. Ltd.
Tokha- 07, Samakhusi, Kathmandu, Nepal.
Tel No: 014972172, Mob: 9851019844, 9851210354, 9849991143, 9810147957
Email :nextgenglobalplacement@gmail.com, Website: www.nextgenplacement.com
Gov Lic. No. 1771/081/082
@globalwithnextgen

मध्यान्ह
www.madhyanhadaily.com
२३ असोज २०८२ बिहीबार
9 October 2025 Thursday

# सरकारको मुख्य कार्यादेश निर्वाचन गराउनु हो : सञ्चारमन्त्री खरेल

**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले 'जेनजी' आन्दोलनको जगबाट निर्मित वर्तमान सरकारको मुख्य कार्यादेश सबै राजनीतिक दल र जनताको सहभागितामा तोकिएको समयावधिमा प्रतिनिधिसभाको निर्वाचन गराउनु रहेको बताएका छन्। राष्ट्रिय समाचार समिति (रासस)को भद्रकालीस्थित केन्द्रीय कार्यालयको बुधबार अवलोकन भ्रमणपछि आयोजित कार्यक्रममा मन्त्री खरेलले आगामी फागुन २१ गते हुने निर्वाचनको वातावरण बनाउन सबैसँग आग्रह गरे। निर्वाचन गर्ने सन्दर्भमा सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्कीबाट प्रतिबद्धता आइसकेको स्पष्ट पार्दै उनले निर्वाचनको वातावरण निर्माण गर्न महत्त्वपूर्ण भूमिका हुने सञ्चार जगतबाट



सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे। 'यो जेनजी आन्दोलनको जग, सबै राजनीतिक दल र जनताको चाहनामा बनेको सरकार हो। निर्वाचनमा जाने सबै दल र जनताको चाहना छ। यसै क्रममा निर्वाचन आयोगबाट कार्यतालिका प्रकाशन भइसकेको छ। निर्वाचनको वातावरण बनाउन राससले पनि भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएको छु', सरकारका प्रवक्तासमेत रहेका मन्त्री खरेलले भने, 'यो सरकारसँग निर्वाचनका साथै सुशासन कायम, भ्रष्टाचारको अन्त्य र जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिमाथिको छानबिन र कारबाही एवं प्राकृतिक विपद्पछिको राहत र पुनःस्थापना पनि 'म्याण्डेट' रहेको छ। त्यो पूरा गर्न सरकार प्रतिबद्ध छ।'

उनले आसन्न निर्वाचनको वातावरण तयार गर्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राजनीतिक दलहरुसँग संवाद भइरहेको उल्लेख गरे।

# कोशी प्रदेश सरकारले बाढी र पहिरोमा भत्किएका घर निर्माण गरिदिने

**विराटनगर/मस-** कोशी प्रदेश सरकारले केही दिनअघि गएको बाढीपहिरोले भत्किएका र बगाएका सबै घर पुनःनिर्माण गरिदिने भएको छ। मुख्यमन्त्री हिक्मतकुमार कार्कीका अध्यक्षतामा बुधबार बसेको प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकले सबै घर बनाइदिने निर्णय गरेको हो। विपद्मा सबैभन्दा बढी क्षति भएको इलाम, झापा र मोरङका घरहरू तत्कालै बनाउन सुरु गर्ने कोशी प्रदेश सरकारले जानकारी दिएको छ। घरहरूको सम्पूर्ण विवरण संकलन पनि गर्दै जाने र निर्माण कार्य पनि अगाडि बढाउँदै जाने बुधबारको परिषद् बैठकले निर्णय गरेको छ।

त्यस्तै बैठकले इलाम जिल्लाका सातवटा पालिकालाई संकटग्रस्त घोषणा गर्नको लागि संघीय सरकारलाई सिफारिस गर्ने निर्णय पनि गरेको छ।

प्रदेश सरकारले राहत र पुनःस्थापनाका लागि इलाम जिल्लामा समन्वय गर्न आर्थिक



मामिला तथा योजनामन्त्री रामबहादुर मगर, भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राई र आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीलाई जिम्मा दिएको छ। सो टोलीले सम्पूर्ण क्षेत्रको स्थलगत निरीक्षण गर्दै पुनर्निर्माणलाई फिल्डमै खटेर तीव्रता दिने छ। त्यस्तै सुनसरी जिल्लाको हकमा वन पर्यटन तथा वातावरणमन्त्री सदानन्द मण्डल र आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले समन्वय गरी काम गर्नेछन्। झापा जिल्लाका लागि खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्री एकराज कार्कीलाई आवश्यक पुनर्निर्माण र सबै खालको समन्वय गर्ने जिम्मेवारी तोकिएको छ।

बैठकले चालु बजेटका खर्च र योजनाहरु हेरेर कटौती गरी पुनर्निर्माणमा खर्च गर्नका लागि कोशी प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय पनि गरेको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले तत्कालै सबै खालका बाटोहरू खुलाउनका लागि आफ्ना सबै संयन्त्र परिचालन गर्नका लागि पनि आजको बैठकले निर्देशन गरेको छ। मुख्यमन्त्री कार्कीले पुनर्निर्माण र राहतमा कुनै कसर नराखी काम अगाडि बढाउनका लागि बैठकमा निर्देशन दिएका थिए।

विपद्मा सम्पूर्ण नागरिक, उद्योगी व्यवसायी, अधिकारकर्मी, राजनीतिक पार्टी, बैंक तथा वित्तीय संस्था र कर्मचारीहरूलाई सहयोग गर्नका लागि आह्वान गर्ने समेत निर्णय गरेको आन्तरिक मामला तथा कानुन मन्त्रालयका विपद् महाशाखा प्रमुख कमल थापाले जानकारी दिए।

**जेनजीको...**

महानगरपालिका-१६ मा रहेको दीप विर्ता (लिची बगैंचा) नामसारीका क्रममा घुस लिएको आरोपमा मुद्दा दायर गरिएको हो। अदालतको फैसलाबमोजिम दुर्गादेवी शाहको हकवाला सुरज शाह ठकुरीसहितका हकदारका नाममा नामसारी गर्न निवेदन परेपछि बिचौलियाको चंगुलमा परेर घुस लेनदेन भएको थियो। मन्त्री गुप्ताले सुरुमा ५३ लाख घुस लिएको र भूमि आयोगको सदस्य बनाउन २५ लाख रुपैयाँ घुस डिल गरेको अडियो सार्वजनिक भएपछि आयोगले छानबिन थालेको थियो। अख्तियारले सातै जनालाई ७८ लाखका दरले बिगो कायम गरेको छ।

मालपोत अधिकृत अधिकारी भूमि व्यवस्था मन्त्रालयले सरुवा गरेर लम्जुङ पुर्‍याए पनि लिचि बारीको काम गर्न उनको सरुवा रोक्न मन्त्री गुप्ताले ५३ लाख घुस बुझेको अडियो सार्वजनिक भएको थियो। भूमि मन्त्रालयले चिरञ्जीवी पौडेल कास्कीको मालपोत अधिकृत बनाउने निर्णय ५३ लाख घुसपछि उल्टिएको भनिएको छ।

यसको वास्तविक तथ्य के हो भन्नेमा अख्तियार मौन छ। सरोकारवालाहरूका अनुसार प्रमाण कम भएको अवस्थामा अदालतले अभियोग पुष्टि गर्न सक्दैन। कमजोर अभियोजनले आरोपितलाई जोगाउने हुँदा जोगाउन खोजेको व्यक्ति जोगिने र तत्काललाई 'अख्तियारले काम गरिरहेको छ' भन्ने सन्देश प्रवाह गर्ने प्रयास अख्तियारको देखिन्छ।

**दोहोरो...**

अपराधिक गतिविधिमा संलग्नबारे तस्बिर, भिडियोलगायत प्रमाणसहित सूचना संकलन गरिरहेको थियो। प्रहरीका हतियार लुट्ने, कार्यालय तोडफोड र आगजनी गर्नेलाई पक्राउ गरिरहेको थियो। प्रहरी अनुसन्धान प्रभावित पार्नेगरी गृहले विज्ञप्ति जारी गर्‍यो।

'आयोगलाई भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीका सम्बन्धमा आवश्यक राय दिनेसमेतको कार्यादेश रहेको हुँदा आयोगबाट सो कार्यादेशबमोजिम रायसहितको प्रतिवेदन प्राप्त भएपश्चात् नेपाल सरकारले कानुनबमोजिम गर्ने बेहोरा जानकारी गराइन्छ,' गृह मन्त्रालयको विज्ञप्तिमा भनिएको थियो, 'तसर्थ आयोगको कार्यक्षेत्र रहने विषयमा सरकारका नियमित संयन्त्रबाट तत्काल कारबाही अगाडि नबढाइने तर गैरकानुनी रूपमा भएका र हुने गतिविधिमा कानुनअनुसार कारबाही हुने व्यहोरासमेत सबैमा जानकारी गराइन्छ।'

गृहको यो निर्देशनले तोडफोड, लुटपाट र आगजनीमा संलग्न मात्र होइन, प्रहरीलाई लुटिएका आफ्नै हतियार खोज्नसमेत कठिनाइ भइरहेको छ। 'प्रहरीका सयौं हतियार र पोसाक लुटिएका छन्। जघन्य हत्याा संलग्नलाई पक्राउ गर्दा गृहमन्त्रीले हाजिरी जमानीमा छाड्न आदेश दिए' प्रहरीका एक उच्च अधिकारीले मध्यान्हसँग भने, 'त्यसै त प्रहरीको मनोबल गिरेको थियो, सरकारले भोलि कामै गर्न नसक्ने स्थितिमा पुर्‍याए।' अब कुनै अराजकता फैलिँदा नियन्त्रण गर्न सक्ने नसक्ने स्थितिमा पुर्‍याउन खोजिएको उनको आरोप छ।

गृहमन्त्री अर्याल एकातर्फ भौतिक र मानवीय क्षतिसँग सम्बन्धित सूचना र निवेदन आयोगले हेर्ने भनिरहेका थिए भने अर्कोतर्फ प्रहरी दमनको विषयमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेरै छाड्ने अडानमा थिए। काठमाडौंका मेयर बालेनले प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेरै ओली र लेखकलाई पक्राउ गर्न दबाब दिएलगत्तै जेनजी आन्दोलनका अगुवाहरूले एकसाथ 'अरेस्ट केपी ओली' अभियान चलाएका थिए। त्यसैलाई देखाएर गृहमन्त्री अर्यालले प्रहरीलाई लिखित निर्देशन नै दिए। तर सोमबार मध्यरात सुरक्षा प्रमुखहरूसँग झन्डै ६ घण्टा बैठक बसेर ओलीलाई पक्राउ गर्नुपर्ने अडान लिए। सेना, प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धानका प्रमुखहरूले सो कदमले परिस्थिति थप मुठभेडतर्फ जाने भन्दै रोकेका थिए। २३ भदौमा गोली चलाउने आदेश दिने प्रत्यक्ष भूमिकामा नरहेका ओली र लेखकप्रति अनुदार देखिएका गृहमन्त्री अर्याल प्रहरी हत्या, हतियार र पोसाक लुटपाट, राष्ट्रिय सम्पदा तथा आगजनी र तोडफोडको अनुसन्धान रोक्न लागिपरेका छन्। प्रहरीले अनुसन्धानका लागि पक्राउ परेका व्यक्तिहरू उनको ठाडो निर्देशनमा छाडिएका छन्।

गृहमन्त्रीको यो रवैयाको तत्कालै विरोध गरिएको थियो। वरिष्ठ अधिवक्ता भीमार्जुन आचार्य आयोगलाई देखाएर अपराधमा संलग्न व्यक्तिउपर कुनै कारबाही नै अघि नबढाउनू भन्नु गलत भएको बताउँछन्। यसले घटनालाई ढाकछोप गर्न खोजेजस्तो देखिएको उल्लेख गर्दै भने, '२३ भदौको घटनामा आयोगको प्रतिवेदन केही हदसम्म उपयोगी हुन सक्ला तर २४ गतेको घटनाका लागि यसले केही मद्दत गर्न सक्दैन। आगो लगाउने, लुटपाट गर्नेजस्ता कार्यका लागि प्रचलित कानुन नै प्रयाप्त रहेकाले आयोगको बहाना बनाउनु ठिक भएन। यो राज्य बस्न लायक छ भन्ने नागरिकलाई अनूभूत हुनुपर्‍यो।'

गृहमन्त्री अर्यालले अनुसन्धान नगर्न निर्देशन दिएपछि आयोगका अध्यक्ष कार्कीले फौजदारी अपराधको अनुसन्धान गर्न आयोगको प्रतिवेदन नपर्खिनू भन्दै खण्डन गरे। प्रहरीमा आएका जाहेरी आयोगमा पठाउन थालिएपछि आयोगका तर्फबाट सदस्य विज्ञानराज शर्माले मंगलबार विज्ञप्ति जारी गरेर भने, 'फौजदारी कसुरमा संलग्न जोकोहीलाई नेपाल सरकारका संयन्त्रहरूबाट तत्काल अनुसन्धान र कारबाही गर्न आयोगको प्रतिवेदन कुर्न नपर्ने व्यहोरा सूचित गरिएको छ।'

नेपाल प्रहरीका पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी अहिलेको सरकारको शक्तिको स्रोत सडक भए पनि जवाफदेहिता विधिको शासनप्रति नै हुनुपर्ने बताउँछन्। 'संयमता र सन्तुलनबाट चल्नुपर्छ। 'रुल अफ ल'लाई सरकारले नै 'हुल अफ ल बनाउनु भएन' उनले मध्यान्हसँग भने, 'आयोग र गृहले एकअर्कालाई देखाएर हुन्न। प्रतिशोधका आधारमा जाहेरी लिएर सडकमा तान्डव नृत्य देखाउन भएन।' मुलुकले अर्को अराजकता धान्न नसक्ने यर्थाथ बुझेर चल्नु सरकारको बुद्धिमत्ता हुने भण्डारी बताउँछन्।

**मधेशमा...**

सांसदको संख्या ५८ पुग्छ। यो प्रदेश सभामा बाँकी दलहरू जनता समाजवादी पार्टी नेपालका १९ जना सांसद् छन्। लोसपा र माओवादी केन्द्रका नौ/नौ जना छन्। नेकपा एकीकृत समाजवादीका सात जना छन्। नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का एक/एक जना छन्।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको अनुपस्थितिमा कार्यालयका निमित्त सचिव सत्रुधन यादवलाई बुझाएका छन्। तीन दलले नेपालको संविधानको धारा १६८ को उपधारा ९ सय २० बमोजिम नयाँ सरकार गठनका लागि दाबी पेस गरेका हुन्।

**कतारमा...**

भिसा जारी गर्न ढिलाइ गरिरहेको अवस्थामा नेपाली राजदूतावास कतारले नेपालीहरूलाई सचेत गराएको हो।

नेपाली राजदूतावासले सार्वजनिक स्थलमा अमर्यादित, उच्छृंखल र भड्किलो पोसाक लगाएर नहिँड्न आग्रह गरेको छ। त्यसैगरी राजदूतावासले अध्यागमन र ट्राफिक नियमको पालना गर्न, प्रलोभनमा परेर वा नबुझी कुनै कागजातमा सही नगर्न, राहदानी, कतार परिचय पत्र, बैंक खाता नम्बर, फोनको सिम कार्ड कसैलाई पनि नदिन, कुनै किसिमको बैंक ऋण नलिन, एउटा कम्पनीको कतार आइडी लिएर अर्को कम्पनीमा काम नगर्न पनि आग्रह गरेको छ।

**Saudi मा रोजगार** Oil Services Company Limited
पूर्व स्वीकृती मितिः २०८२/०६/२२ चलानी नं. : ६०२४५६८७ LT No.: 332094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Trucks Driver | 17 | [illegible] | 1800 | ६८,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

Free Visa ! Free Ticket !! Free Recruitment !!!
(Zero Cost) सहित Saudi मा बैदेशिक रोजगारको अवसर

Alfanar Closed Joint Stock Company पूर्व स्वीकृती मितिः २०८२/६/२२ चलानी नं. : ६०२४५६८८ LT No.: 332093

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | साधारण | 1000 | ३७,८२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ असोज ३० गते (16 Oct., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- रोजगारदाता कम्पनीले | रु. १,५००।- रोजगारदाता कम्पनीले | रु. ७,००।- रोजगारदाता कम्पनीले | निःशुल्क |

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**मलेसियामा रोजगार** कम्पनीः Bersatu Security Sdn Bhd शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५७०१ L.T. No.: 332084

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 40 | 0 | स. काममा दक्ष | 1700 | ५७,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

AVIOSUPPORT HUMAN RESOURCES PVT LTD
Govt.Lic.No 1574/079/080
Ratopool Ghaushala, Kathmandu, Tel.: 5914474.
Email: info@aviosupporthr.com, Web: www.aviosupporthr.com

**साउदीमा रोजगारको अवसर**
१. कम्पनी : SOUTHERN COMMERCIAL BOATS COMPANY शहरः DAMAMM
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५६९२ LT. No.:332105

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 20 | 0 | स. काममा दक्ष | 2200 | ८३,१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी : EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY शहरः DAMAMM
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५६९३ LT. No.:332106

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 36 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क. १ मा रु. १०,००० क. २ मा निःशुल्क |

गोल्डेन इगल मेनपावर प्रा. लि.
श्रम इजाजत नं.: ३९१/०५९/०६०
मिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com

**ओमनमा रोजगारको अवसर** कम्पनीः UNITED PIONEERS OF PEACE शहर : OMAN
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५६९८ LT. No.: 332064

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५५,२२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sandwich Make | 2 | 0 | | 150 | ५५,२२१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

K.S.B. INTERNATIONAL PVT. LTD. Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025-590813, 9842291471

**साउदीमा रोजगार** कम्पनीः MANI CONTRACTING COMPANY शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५७०६ LT. No.: 332028

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Electrician | 1 | 0 | | 1200 | ४५,३४८ | | | | | | | |
| 3. | Tile Fixer | 1 | 0 | | 1200 | ४५,३४८ | | | | | | | |
| 4. | Steel Fixer | 1 | 0 | | 1200 | ४५,३४८ | | | | | | | |
| 5. | Painter | 1 | 0 | | 1200 | ४५,३४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

OMEGA POWER MINDS PVT.LTD. Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : Bonyan United Gen. Trading Co. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५६८४ LT. No.: 331918

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DIESEL MECHANIC | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 2 | 0 | | 160 | ७४०३२ | | | | | | | |
| 3. | Labour/helpers | 12 | 0 | | 100 | ४६२७० | | | | | | | |
| 4. | Wheel Loader | 1 | 0 | | 150 | ६९४०५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

KANGAROO HUMAN RESOURCES PVT. LTD.
Govt. Lic. No.: 1381/074/075
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4565882,4565885, 9841743383
9802376740, 9801854401, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com

**OMAN मा रोजगार** New Gateway International SPC
पूर्व स्वीकृति मितिः २०८२/६/२२ चलानी नं.: ६०२४५६७७ LT No.331896

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 15 | 5 | काममा दक्ष | 120 | ४४,२७५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Curtain Makers | 1 | 0 | | 120 | ४४,२७५।- | | | | | | | |
| ३. | Furniture Upholstere | 2 | 0 | | 120 | ४४,२७५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८२ असोज ३० गते (16 Oct., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

CHERISH OVERSEASE PVT. LTD. Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com

**JORDAN मा रोजगार** कम्पनीः UNITED FOR WORKS OF BROKERAGE IN HIRING AND RECRUITING NON-JORDANIAN DOMESTICE WORKER शहरः JORDAN
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५६८६ LT. No.: 332058

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 100 | सम्बन्धित काममा दक्ष | 300 | ६०,०६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary (Female) | 0 | 1 | | 400 | ८०,०८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.
श्रम इजाजत नं. ७०६/०६४/०६५
का.म.न.पा-०४, धुम्रबाराही काठमाडौं, नेपाल, फोन: ४९७०६६९ Email.: info@itlnepal.com, Web.: www.itlnepal.com
Contact number : 9761000619

**साउदीमा रोजगार** कम्पनीः ABAAD OPERATIONAL BUSINESS DIMENSIONS COMPANY शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ चलानी नं.: ६०२४५७०५ L.T. No.: 332104

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaner | 1 | 0 | स. काममा दक्ष | 3000 | १,१३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Five Star International Overseas Pvt. Ltd.
Lic. No.: 205/057/058 GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Tel.: 5542662, Fax: 5544843

**प्रादेशिक अस्पताल भद्रपुर**
**झापा**

**बोलपत्रका प्रावधान संशोधन सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८२/०६/२३

**यस अस्पतालबाट मितिः २०८२/०६/१० को मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार सम्झौता संकेत नं:** PH/Koshi/NCB-1/82/83 (Medicine), PH/Koshi/NCB-2/82/83 (Lab chemicals and Reagents/Manual), PH/Koshi/NCB-3/82/83 (Lab chemicals and Reagents/Closed Zybio/Biochemistry), PH/Koshi/NCB-4/82/83 (Abbott/biochemistry), PH/Koshi/NCB-5/82/83 (Abbott/Clia), PH/Koshi/NCB-6/82/83 (Closed Lyoftonic/Biochemistry), PH/Koshi/NCB-7/82/83 (X-ray film/DR), PH/Koshi/NCB-8/82/83 (Closed/Electrolyte Analyser), PH/Koshi/NCB-9/82/83 (Dialysis), PH/Koshi/NCB-10/82/83 (Surgical items) **अन्तर्गत मालसामान खरिद कार्यको लागि विद्युतीय बोलपत्र आह्वान गरिएकोमा उल्लेखित कार्यको लागि जारी बोलपत्र सम्बन्धी कागजातका केहि प्रावधान संशोधन गरिएको र संशोधित बोलपत्र सम्बन्धी कागजात विद्युतीय खरिद प्रणाली** (www.bolpatra.gov.np/egp) **मा समावेस** (Upload) **गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।** इच्छुक बोलपत्रदाताले संशोधित प्रावधान बमोजिम बोलपत्र पेश गर्नुपर्नेछ।

भन् बढ्यो जापानी इन्सेफलाइटिस

# मृतकको संख्या ३१ पुग्यो, १ सय ६४ संक्रमित

**काठमाडौं/मस–** नेपालमा जापानी इन्सेफलाइटिस (जेई) संक्रमणबाट मृत्यु हुनेको संख्या ३१ पुगेको छ। स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखाले वैशाखयतासम्मको यो तथ्यांक सार्वजनिक गरेको हो।

खोप शाखाका प्रमुख डा.अभियान गौतमका अनुसार देशभर १ हजार ४ सय ८ जनामा इन्सेफलाइटिस सिन्ड्रोमका लक्षण देखिएका मध्ये १ सय ६४ जनामा जेई संक्रमण पुष्टि भएको छ। पछिल्लो सात दिनयता पाल्पामा एक नयाँ केस र चितवनमा एक जनाको मृत्यु दर्ता भएको छ।

मृत्यु हुने ३१ जनामध्ये १६ पुरुष र १५ महिला रहेका छन्। पुष्टि भएका संक्रमितमध्ये १ सय १६ जना अर्थात् ७१ प्रतिशत १५ वर्ष वा सोभन्दा माथिका छन्, भने मृत्यु हुनेमध्ये ७४ प्रतिशत ४० वर्षभन्दा माथिका व्यक्तिहरू छन्।

डा.गौतमका अनुसार जेई संक्रमण नेपालका पाँच प्रदेशका आठ जिल्लाका १२ नगरपालिकामा देखिएको छ। रोग पूर्वी भागबाट सुरु भई क्रमशः पश्चिमतर्फ फैलिएको छ। हालसम्म २२ वटा पहाडी जिल्लाबाट पनि संक्रमण पुष्टि भएको छ।

संक्रमित अधिकांश व्यक्ति धान खेत र सुँगुर फार्म नजिक बसोबास गर्ने रहेका छन्। विभागले संक्रमण नियन्त्रणका लागि जनचेतना र खोप अभियानलाई तीव्रता दिने तयारी गरिरहेको जनाएको छ।



**चितवनमा मात्रै ६ जनाको मृत्यु**

चितवनमा जापानीज इन्सेफ्लाइटिसका कारण मृत्यु हुनेको संख्या छ पुगेको छ। साउनयता हालसम्म उनीहरुको मृत्यु भएको हो।

जनस्वास्थ्य कार्यालयका अनुसार मृत्यु हुनेमा दुई जना भरतपुर महानगरपालिका, एक जना खैरहनी नगरपालिका, दुई जना राप्ती नगरपालिका र एक कालिका नगरपालिकाका रहेका छन्। पछिल्लो पटक खैरहनी वडा नम्बर ४ की महिलाको यो रोगका कारण मृत्यु भएको कार्यालयका किट नियन्त्रक राम केसीले जानकारी दिए।

जिल्लामा हालसम्म १७ जनामा यो रोगको संक्रमण देखा परेको छ। त्यसमध्ये १० महिला हुन भने सात पुरुष रहेका छन्। उनीहरुमध्ये तीन जना १५ वर्षमुनिका, पाँच जना १५ देखि ६० वर्षभित्रका र नौ जना ६० वर्षमाथिका रहेका छन्। संक्रमितमध्ये १५ जनाले खोप नलगाएको र दुई जनाले खोप लगाएको अवस्था अस्पष्ट रहेको केसीले जानकारी दिए।

संक्रमितमध्ये सात जना भरतपुरभित्रका रहेका छन्। मृत्यु भएकामध्ये एक ८९ वर्षका, अर्का एक जना ८१ वर्षका र दुई जना ७० वर्षका रहेका छन्। एक जना ३९ वर्षीय र अर्का एक जना ४२ वर्षका रहेको उनले जानकारी दिए।

# बौद्धिमाई नगरपालिकामा जग्गाको अनलाइन वर्गीकरण



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २२ असोज

भू-उपयोग नियमावली जारी भएको चार वर्ष बित्दासम्म रौतहटको १८ पालिकामध्ये २ वटा नगरपालिकाले मात्रै जग्गाको अनलाइन वर्गीकरण पूरा गरेका छन्।

बाँकी १६ वटा पालिकाले हाल अनलाइन जग्गा वर्गीकरण गर्ने प्रक्रियामा रहेका छन्। जग्गाको वर्गीकरण नगरे पुनःकित्ताकाटलगायत जग्गा प्रशासनसम्बन्धी काम ठप्प हुने जनाइएको छ।

बौद्धिमाइ नगरपालिकाले रोमा कन्सल्टेन्सीद्वारा अमिन सरोज राय यादव, बौद्धिमाइ नगरपालिकाका अमिन नारद यादव र सिमरौनगढ नापी कार्यालयका सुबास गोस्वामीको सहयोगमा अनलाइन जग्गा वर्गीकरण सम्पन्न गरेको हो।

अनलाइन वर्गीकरणपछि राजस्व चुहावट, जग्गा मूल्यांकन, आवास तथा खेतीका लागि जनप्रतिनिधिद्वारा गरिने सिफारिसमा हुने चलखेल बन्द भएको अमिन सरोज राय यादवले बताए।

बौद्धिमाइ नगर प्रमुख प्रदीप यादवले अनलाइन वर्गीकरण नहुँदा रोक्का रहेका जग्गा कारोबार अब सुचारु हुने बताएका छन्। प्रमुख प्रशासकीय अधिकृत उदय शंकर चौधरीले नगर क्षेत्रको जग्गा वर्गीकरण भू-उपयोग ऐन र नियमावलीले तोकेको मापदण्डअनुसार वैज्ञानिक ढंगमा गरिएको दाबी गरे।

उनका अनुसार, जग्गा वर्गीकरण नभएकै कारण धितो राखेर ऋण पाउन गाह्रो हुँदा सर्वसाधारणको उपचार, विहेवारी, छोराछोरीको पढाइ, अंशबन्डा जस्ता अत्यावश्यक सामाजिक कार्य प्रभावित भएका थिए। त्यसैले जनसहभागितामा दबाबमूलक अभियान सञ्चालन गर्नुपरेको उनले बताए। जग्गा कारोबार ठप्प हुँदा नगरपालिकाको आन्तरिक स्रोत घटेको पनि चौधरीले जानकारी दिए।

'वर्गीकरणपछि बौद्धिमाइ नगरवासीले राहतको सास फेरेका छन्,' प्रमुख प्रशासकीय अधिकृत चौधरीले भने, 'यसले नगर क्षेत्रको व्यापार, व्यवसाय र पर्यटन उद्योगमा पनि लगानी बढाउन सहज पारेको छ।'

विगत केही वर्षयता कृषि प्रयोजनका अधिकांश जग्गा आवास र घर निर्माणका लागि प्रयोग हुन थालेपछि सरकारले भू-उपयोग नियमावलीमार्फत नियमन गर्नका लागि जग्गा वर्गीकरणलाई अनिवार्य गरेको थियो। यस कारण केही समय सर्वसाधारणले कठिनाइ भोग्नुपरेको चौधरीले बताए।

'वर्गीकरणपछि नापी, मालपोत र वित्तीय संस्थाका काम पुनः लयमा फर्कने अपेक्षा गरिएको छ,' प्रमुख प्रशासकीय अधिकृत उदय शंकर चौधरीले भने। वर्गीकरण विवरण मालपोत तथा नापी कार्यालय मौलापुरमा अमिन सरोज राय यादव र सुबास गोस्वामीले हस्तान्तरण गरेका छन्।

# जेन्जी आन्दोलनमा फरार कैदी मृत फेला

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २२ असोज

उदयपुरमा जेन्जी आन्दोलनका क्रममा फरार एक कैदी मृत फेला परेका छन्।

त्रियुगा नगरपालिका ८ शाहीखोला राजाबास बस्ने तुल बहादुर दनुवारको छोरा ३५ वर्षीय गम्भीर बहादुर दनुवार कर्तब्य ज्यान मुद्दामा कैद सजाय भुक्तान गरिरहेकोमा भदौ २३ र २४ गते जेन्जी समूहद्वारा भएको आन्दोलनका क्रममा भुम्का कारागारबाट फरार रहेका थिए।

उनी आफ्नै घर भन्दा करिब १०० मि. टाढा सिसौको रुखमा भुण्डीएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

सुनसरी जिल्ला अदालतको २०७७ चैत्र १३ गतेको फैसलाले कर्तब्य ज्यान मुद्दामा दनुवारलाई जन्म कैद (२० वर्ष) कैद सजाय तोकिएको थियो। आवश्यक कानूनी प्रकृया पश्चात शव आफन्तलाई बुझाइएको तथा घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## कर्मचारी आवश्यकता

यस प्रा. लि. को लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

- डकुमेन्टेशन अफिसर - २ (पुरुष/महिला)
- पब्लिक रिलेशन अफिसर - २ (पुरुष/महिला)
- रिसेप्सनिष्ट - २ (महिला)

आकर्षक तलबको व्यवस्था

कम्तिमा मेनपावर क्षेत्रमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ।

मोबाईल नं. ९८५१०९६३१०२ | Email: abcoverseas@gmail.com

ABC Overseas Pvt. Ltd.
Sambhu Marg, Sinamangal, Kathmandu
Ph. 01-4578783, 9801063102



## Saudi मा रोजगार — Duaa Najah Isa Meelad Gen. Cont. Est.

पूर्व स्वीकृति मिति: २०८२/६/२२ चलानी नं.: ६०२४५६७४ LT No. 332017

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loader | 20 | 0 | कामदा दक्ष | 1000 | ३८,000/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ असोज ३० गते (16 Oct., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७



## साउदीमा रोजगार

कम्पनी : NAJLA MUSA AHMED AL-FIFI RESTAURANT FOR CATERING — शहर: JAZAN
पूर्व स्वीकृत मिति: २०८२/०६/२२ चलानी नं.: ६०२४५६७१ LT. No.: 332000

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook General | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६४,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असोज ३० गते (16 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

New S.V. International Pvt. Ltd.
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +015913575, 9704338375 | E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np, Phone No: 9851144185
Lic No.: 426/060/061



## Saudi मा रोजगार — Al-Rawaq Al-Abyad Contracting Establishment

पूर्व स्वीकृति मिति: २०८२/६/७ चलानी नं. ६०२४५६५९ LT No.: 331440

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Utensils Cleaner | 1 | कामदा दक्ष | 1200 | ४५,६३५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
